# नेपाली सेना
## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा
## अधिकृत क्याडेट पदको लागि दरखास्त आव्हान

(प्रथम पटक प्रकाशित मिति: २०८१/०५/०७ गते)

१. नेपाली सेनामा रिक्त अधिकृत पद (सहायक सेनानी/उपसेनानी) खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या: २८० जना ।**

| विज्ञापन नं. | सेवा समूह | पदको नाम | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुल्ला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाती | मधेशी | दलित | पि.क्षे. | |
| ०८१/८२/०१ | सैनिक साधारण सेवा | अधिकृत क्याडेट | १४ | १४७ | २४ | ३८ | ३३ | १८ | ६ | २८० |

३. **दरखास्त पेश गर्ने मिति र स्थान:**

**(क) दरखास्त मिति:** मिति २०८१/०५/०७ गतेदेखि मिति २०८१/०६/०५ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१/०६/०६ गतेदेखि मिति २०८१/०६/१२ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम सो भन्दा पछाडी कार्यालय खुल्ने दिन सम्बन्धित भर्ना केन्द्रमा बुझाउन सकिनेछ ।

**(ग) स्थान:** केन्द्रीय तथा प्रारम्भिक भर्ना केन्द्रहरु

| क्र.सं. | भर्ना केन्द्रहरु | सम्पर्क टेलिफोन नम्बर | कैफियत |
|---|---|---|---|
| १ | श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा (केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भु) | ०१-५९७९४७८ | केन्द्रीय भर्ना छनौट केन्द्र |
| २ | श्री पूर्वी पृतना हे.क्वा., ईटहरी, सुनसरी | ०२५-५८४९३३, ०२५-५८७०२८ | प्रारम्भिक भर्ना केन्द्रहरु |
| ३ | श्री मध्य पूर्वी पृतना हे.क्वा., बर्दीबास, महोत्तरी | ०४४-५९००८१, ९८५४०२०७७२ | |
| ४ | श्री मध्य पृतना हे.क्वा., सुपारेटार, हेटौडा | ९८६३०२८८८४, ०५७-४१९०१५ | |
| ५ | श्री पश्चिम पृतना हे.क्वा., विजयपुर, पोखरा | ०६१-४११६७५, ०६१-४११३११ | |
| ६ | श्री मध्य पश्चिम पृतना हे.क्वा., बुटवल, रुपन्देही | ०७१-४१९२१०, ०७१-४१९२४३ | |
| ७ | श्री उत्तर पश्चिम पृतना हे.क्वा., निमारे, सुर्खेत | ०८३-४१४०४५, ०८३-४१४०२३ | |
| ८ | श्री सुदुर पश्चिम पृतना हे.क्वा., तेघरी, कैलाली | ०९१-५५०७४२, ०९१-५५०७५७ | |

४. **दरखास्त दस्तुर:** सबै उम्मेदवारहरुले खुल्लातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत दस्तुर रू.१,०००।- (एक हजार) बुझाउनु पर्नेछ । तर सोही विज्ञापनमा समावेशीतर्फ एकभन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ ।

(क) श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा (केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भु) मा आवेदन दिनेको हकमा उल्लिखित दस्तुर श्री नेपाल बैंक लिमिटेडको काठमाण्डौ भित्र रहेका कुनै पनि शाखाबाट खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शिर्षक नं.१४२२४) मा उम्मेदवार स्वयम्ले जम्मा गर्नुभई सो को सक्कलै भौचर र प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।

(ख) प्रारम्भिक भर्ना केन्द्रमा आवेदन दिनेको हकमा उल्लिखित दस्तुर सम्बन्धित भर्ना केन्द्रसंग समन्वय गरी बुझाउनु पर्नेछ ।

५. **आवश्यक योग्यता:**

**(क) शैक्षिक योग्यता:**

| विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ०८१/८२/०१ | अधिकृत क्याडेट | (क) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण (अधिकृत क्याडेटको लागि)<br>(ख) स्नातक तह वा सो सरह उत्तीर्ण (स्नातक अधिकृत क्याडेटको लागि)<br>(अधिकृत क्याडेट तथा स्नातक अधिकृत क्याडेट दुवैको लागि SLC/SEE परीक्षामा अनिवार्य गणित विषय लिएको हुनुपर्ने) | (क) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागु हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-२/CGPA -१.६ वा सो भन्दा माथि हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ख) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाण पत्रको हकमा कक्षा १२ को शैक्षिक योग्यतामा GPA-१.६ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । यस ग्रेडिङ्ग प्रणाली निम्न अनुसार लागु हुने:<br>(१) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी अधिकृत क्याडेट पदमा निवेदन दिनेको हकमा प्रमाणपत्र वा सो सरहको शैक्षिक योग्यतामा मात्र ।<br>(२) स्नातक अधिकृत क्याडेटको हकमा स्नातक तह वा सो सरहको शैक्षिक योग्यतामा मात्र ।<br>**(ग) स्नातक अधिकृत क्याडेटको सैनिक आधारभूत तालिम अवधि १२ (बाह्र) महिनाको हुने ।** |

**(ख) शारीरिक योग्यता:**

| क्र.सं. | विवरण | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| २ | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| ३ | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| ४ | आँखा | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |

**(ग) अन्य योग्यता:** उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ । साथै अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद:**

(क) प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०८१।०६।०५ गतेका दिन १८ वर्ष पुरा भई २१ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ख) स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०८१।०६।०५ गतेका दिन १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ग) बहालवाला सैनिक उम्मेदवारहरुको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०८१।०६।०५ गतेका दिन २६ वर्ष ननाघेको हुनुपर्नेछ ।

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि:**

(क) बहालवाला उम्मेदवारहरुबाट दरखास्त दिनेहरुको हकमा सैन्य आधार तालिम गरेको हुनुपर्नेछ । साथै, दरखास्त पेश गर्ने अन्तिम मिति २०८१।०६।०५ गतेका दिन न्यूनतम सेवा अवधी २ (दुई) वर्ष पुरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेश गर्नुपर्नेछ ।

८. **पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु:** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्यता हुनेछैन । दरखास्त साथ पेश गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) एस.एल.सी./एस.ई.ई.को लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) प्रमाणपत्र तह (१०+२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(घ) स्नातक तह उत्तीर्ण गर्नेको हकमा ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ङ) नेपालका विश्वविद्यालयहरु बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

(च) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाण-पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाण-पत्रहरु भएमा ।

**(छ) सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा शारीरिक रुपमा अशक्त/मृत्यु भएका नेपाली सैनिकका सन्ततिको हकमा निम्न थप कागजातहरु सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्नेछ:**

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति-१ (एक) ।

(२) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति-१ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति-१ (एक) ।

९. **फोटोग्राफ:** उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ४ (चार) र २X२ साईजको फोटो प्रति-१ (एक) दरखास्त साथ पेश गर्नुपर्नेछ ।

१०. **सम्पर्क मिति:** २०८१।०६।१५ गतेको ११०० बजे दरखास्त पेश गरेको सम्बन्धित भर्ना केन्द्रमा ।

११. **छनौट प्रक्रिया:**

(क) उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत बियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, आई.क्यु. परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट संचालन हुनेछ), गुणमापक परीक्षा (टि.ओ., जि.टि.ओ., आई.ओ. र बोर्ड कन्फरेन्स), बिस्तृत स्वास्थ्य परीक्षण र बोर्ड अन्तर्वार्ता हुनेछ । भर्ना छनौट प्रक्रिया अन्तर्गत लिईने बियरिङ्ग परीक्षाको विस्तृत मापदण्ड वेबसाईटको विज्ञापनमा हेर्न सकिनेछ ।

(ख) प्रारम्भिक भर्ना केन्द्रमा दरखास्त पेश गर्ने उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत बियरिङ्ग देखि लिखित परीक्षासम्म दरखास्त पेश गरेको सम्बन्धित प्रारम्भिक भर्ना केन्द्रमा हुनेछ र बांकी रहेका अन्य परीक्षाहरु भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डाले तोकेको स्थानमा संचालन हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरु:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ख) समावेशी तर्फका उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिष्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन । साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछन् ।

(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(घ) उम्मेदवारहरु (बहालवाला बाहेक) अविवाहित हुनुपर्नेछ र तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) एउटै विज्ञापन नं. र समान पदमा एक मात्र भर्ना केन्द्रबाट आवेदन दिन पाईनेछ ।

(च) अन्य शर्तहरु नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी:**

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्यूनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकिन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर **PDF Format** मा डाउनलोड गरि **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ । कुनै पनि उम्मेदवारले अनलाईन माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयम् उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ । यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(ङ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ ।

१५. **विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समुहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समुहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **www.vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र अधिकृत क्याडेट पदको पाठ्यक्रम **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने प्रारम्भिक भर्ना केन्द्र वा भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समयभित्र सम्पर्क गर्न समेत सुचित गरिन्छ ।